मिति २०७८ साल पौष १४ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको ...तामा १०८ औं बैठकको उपस्थिति तपशिल बमोजिम रंह्यो ।

तपशिल

| ...ं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| | श्री सुर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| | श्री नविन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| | श्री लक्ष्मी पोंखरेल | नगर कार्यपालिका सदस्य | |
| | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

...नि

| नाम थर | पद | दस्तखत |
|---|---|---|
| दिवाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

# नगर-कार्यपालिकाको मिति २०७८/०९/१४ गतेको १०८ औं बैठकका निर्णयहरु

निर्णय नं १

यस कार्यपालिकाको मिति २०७८ मंसिर १ गतेको १०७औं बैठकको निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो । सो बैठकमा १२ ओटा निर्णयहरु भएकामा निर्णय नं. ६, ७ र ८ गरी तीनवटा निर्णयहरु कार्यान्वयन क्रममा रहेको भने अन्य निर्णयहरु कार्यान्वयन भएको पाईयो ।

निर्णय नं. २

हाल सुन्दरबजार नगरपालिका वडा नं ७ (साबिक सुन्दरबजार गा.वि.स ९ र संसोधित साबिक सुन्दरबजार नगरपालिका ५) मा रहेको साबिक सुन्दरबजार स्वास्थ्य उपचौकी हाल स्तरोन्नती भई सुन्दरबजार अस्पताल भएको ।

मिति २०७७।१२।१३ गते बसेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी माापदण्ड २०७७ को दफा ६ बमोजिमको सिफारिस समितिको बैठकको निर्णय नं १ अनुसार अस्पताल भवन निर्माणका लागि ३७-१५-२-२ रोपनी जग्गा माग गरिएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका(पहिलो संसोधन)२०७७ को दफा २ अनुसार १५ शैयाको प्राथमिक अस्पताल निर्माणको लागि ७-२-०-० रोपनी जग्गा भए पनी पुग्ने देखिएकोमा हाल सुन्दरबजार नगरपालिका वडा नं ७ (साबिक सुन्दरबजार गा.वि.स ९ र संसोधित साबिक सुन्दरबजार नगरपालिका ५) मा रहेको साबिक सुन्दरबजार स्वास्थ्य उपचौकीको नाममा ३-०-०-० रोपनी ( कि.नं ९३५,९३७ र ९५२) को जग्गा धनी प्रमाण पूर्जा रहेको हुँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका(पहिलो संसोधन)२०७७ अनुसार भवन निर्माणका लागि हाल सुन्दरबजार नगरपालिका वडा नं ७ (साबिक सुन्दरबजार गा.वि.स ९ र संसोधित साबिक सुन्दरबजार नगरपालिका ५) मा रहेको कि.नं ५५ क्षेत्रफल ७-१-१-० को जग्गा प्रयोग गर्दा तोकिएको मापदण्ड अनुसार पर्याप्त जग्गा हुने देखिएको ।

भूमि सम्बन्धी ऐन २०२१ को दफा ५९(क) बमोजिम जग्गा माग गरेको स्थानमा भवन निर्माणका लागि मापदण्ड अनुसारको न्यूनतम समेत क्षेत्रफल पुग्ने सरकारी जग्गा नभएको ।

तोकिएको स्थानमा अस्पताल भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने विषयमा यस नगरपालिकाको पूर्ण समर्थन रहेको ।

सो जग्गा अस्पतालले प्रयोग गर्दा त्यस वरपरको ऐतिहासिक, पुरातात्विक, धार्मिक, साँस्कृतिक महत्वका स्थलहरुको मौलिकतामा भविष्यमा पनि कुनै असर

...कराज मिश्र

नपर्ने विषयको सुनिश्चितता र सो जग्गाको संरक्षणमा नगरपालिका पूर्ण प्रतिवद्ध रही ३० वर्षका लागि निःशुल्क लिजमा जग्गा उपयोग गर्न सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी माापदण्ड २०७७ को दफा ६ बमोजिमको सिफारिस समितिमा आवश्यक सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ३

जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५को दफा ४ उपदफा १ को खण्ड क बमोजिम प्रशासकीय भवनको, कम्पाउन्ड वाल,क्यारी,चौकिदार भवन,ट्रस सहितको पार्किङ र ढल निकासका लागि कुल ल.ई.बमोजिमको रकम १,२२,००,०००।-(अक्षरेपी एक करोड बाइस लाख मात्र) मध्ये जिल्ला समन्वय समितिबाट रु ५०,००,०००।-(अक्षरेपी पचास लाख मात्र) माग गर्ने र निर्देशिकाको को दफा ८ को उपदफा १ (क) बमोजिम क्म्तीमा चालिस प्रतिशत लागत साझेदारी गर्नुपर्ने ब्यबस्था भएकोमा बाँकी नपुग हुन आउने रकम रु ७२,००,०००।-(अक्षरेपी बहत्तर लाख मात्र) यस नगरपालिकाले ब्यहोर्ने गरी योजना अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ४

जिल्ला मालपोत कार्यालय बेसीशहरको च.नं. १७२३ मिति २०७८/०८/२० पत्रअनुसार सो कार्यालयले कार्यालय सुदृढिकरण तथा ब्यबस्थापनका लागि रकम माग भएकोमा त्यस प्रयोजनका लागि रु १,००,०००।-(अक्षरेपी एक लाख मात्र) आर्थिक सहायता शीर्षकबाट कोष तथा लेखा नियन्त्रकको कार्यालय, लमजुङको विविध खातामा रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ५

प्रधानमन्त्रि रोजगार कार्यक्रमका लागि १ थान २ पाङ्ग्रे सवारी साधन मोटरसाईकल खरीदका लागि २,००,०००। रुपैया रोजगार केन्द्रमा वजेट व्यवस्थापन भएको र बाँकि नपुग रकम बढीमा रु ७०,००० ।(अक्षरुपि सत्तरी हजार मात्र) विविध पूँजिगत खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय सम्बन्धमा ।

अगडराज मिश्र
प्रमुख

निर्णय नं ६

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आ.व २०७८।०७९ को वार्षिक कार्यक्रम अनुसार कृषि बजार पूर्वाधार निर्माण तथा सहयोग शिर्षक अन्तर्गत कोल्डरुम/पोर्टेवल कोल्ड च्याम्बर निर्माण(लागत साझेदारी ५० प्रतिशत)का लागि रु ११,००,०००।(अक्षरुपी एघार लाख रुपैंया मात्र) विनियोजन भएको ।यसै कार्यक्रमको लागि नगरपालिकाको तर्फबाट सोहि शिर्षकमा रु ५,५०,००० विनियोजन भएको । सो कार्यक्रम अघि बढाउन प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि,२०७८ बमोजिमका शर्त पालना गर्ने गरि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं ७

यस नगरपालिकाको नवौं नगरसभा २०७८।०९।२० गते नगरपालिकाको सभा हलमा दिनको ११ बजे आयोजना गर्ने र सभा संचालनको तयारी स्वरुप नगरकार्यपालिका बैठक मिति २०७८।०९।१९ गते बस्ने निर्णय गरियो ।

निर्णय नं. ८

सु.न.पा. वडा नं. ११ को बाह्र पिर्के पिङ निर्माण समितिले सोही वडामा पिङ निर्माण गर्दा लागेको खर्च बापतको रकम रु ६५,०००।-(अक्षरेपी पैसठ्ठी हजार मात्र) र पिङ निर्माणका सर्जक तथा निर्माणमा सहयोग गर्नुभएका खड्ग बहादुर दुरा दुरालाई सम्मान गर्न लागेको खर्च बापतको रकम रु २२,७००।-(अक्षरेपी बाईस हजार मात्र) गरी रु ८७,७००।-(अक्षरेपी सतासी हजार सात सय मात्र) आर्थिक सहायता शीर्षकबाट प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ :

राईनास नगरपालिकामा भएको फुटबल खेलमा सुन्दरबजार नगरपालिकाको तर्फबाट प्रतिनिधित्व गरी खेल खेलेको टिमका लागि खेल पोशाकको रकम रु ४०,०१३.३०।(अक्षरेपी चालिस हजार तेह्र रुपैया तीस पैसा मात्र), तथा खाना खाजा बापतको रकम रु १९,२००। ( अक्षरेपी उन्नाईस हजार दुई सय मात्र) गरी जम्मा रु ५९,२१३.३०।(अक्षरेपी उनन्साठी हजार दुई सय तेह्र रुपैया तीस पैसा मात्र) आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

कमलराज मिश्र
प्रमुख

निर्णय नं. १० :

सु.न.पा ६ निवासि शुशिला थापाको घर टिनको छानाले छाउनको लागि रु २०,०००।(अक्षरुपी बिस हजार मात्र) आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ११ :

प्रशासनिक भवन प्राङ्गणमा गिटि बालुवा,ढुङ्गा ढुवानीमा लागेको ट्याक्टर भाडाको भुक्तानी दिन बाँकि रकम रु १,२७,५००।(अक्षरुपि एक लाख सत्ताईस हजार पाँच सय) अन्य पूर्वाधार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १२ :

सु.न.पा ६ स्थित खत्रिठाँटीबाट सुन्दरबजार नारायण थान सम्मको बाटो अविरल वर्षा र पहिरोको कारण क्षतिग्रस्त भएको हुनाले सो बाटो मर्मत गर्दा लागेको खर्च बापतको रु ७५,०००।(अक्षरुपी पचहत्तर हजार मात्र) विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १३ :

आ.व २०७८।७९ को वार्षिक कार्यक्रम अनुसार सामुदायिक भवनहरु निर्माण शिर्षकमा रु १०,००,०००।(अक्षरुपी दश लाख रुपैंया मात्र) विनियोजन भएकोमा सो शिर्षकलाई सामुदायिक भवनहरु निर्माण,स्तरोन्नति वा मर्मत शिर्षकमा संसोधन गर्नको लागि नगरसभामा निणायार्थ पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ :

सु.न.पा वडा नं ११ को कार्यालय भवन निर्माणको ल.ई अनुसार रु ८०,००,०००।(अक्षरुपी असि लाख मात्र) लाग्ने देखिएको, यस प्रयोजनका लागि आ.व.०७८।०७९ मा नगरपालिकाबाट रु ३०,००,०००।(अक्षरुपी तिस लाख मात्र) र वडा कार्यालयबाट रु १५,००,०००।(अक्षरुपी पन्ध्र लाख मात्र) विनियोजन भएको हुँदा बहुबर्षिय योजना अनुसार भवन निर्माणको लागि प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

अलकराज मिश्र
प्रमुख

निर्णय नं. १५ :

सुन्दरबजार नगरपालिका कार्यपालिकाको मिति २०७८।०७।१३ गते बसेको १०६ औं बैठकको निर्णय नं २ अनुसार साबिक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुको सेवा व्यवस्थापन गर्नका लागि स्थानीय सेवा ऐनको मस्यौदा तयार गर्न गठन भएको मस्यौदा समितिले तयार पारेको मस्यौदा छलफलका लागि प्रस्तुत भयो । यसरी प्रस्तुत भएको ऐनको मस्यौदा विधायन समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नं. १६ :

लमजुङ जिल्लाम निर्माणाधिन २२० के.भि विद्युत प्रसारण लाइन आयोजनाको सामाजिक उत्तरदायित्व अन्तर्गत यस न.पा. ७ पाखाटार-अन्नपूर्ण मन्दिर सडक खण्ड मर्मत योजनाका लागि रु ९,००,०००।(अक्षरुपी नौ लाख मात्र) उक्त आयोजनाबाट विनियोजन भई रु २,७०,०००।(अक्षरुपी दुई लाख सत्तरी हजार मात्र) रकम यस न.पा.को विविध खर्च खातामा निकासा भई सकेको र बाँकी रकम कार्यसम्पन्न भए पश्चात निकासा दिने प्रतिवद्धता प्राप्त भएकाले बाँकी रकम निकासा भएपछि भुक्तानी दिने गरी उक्त योजनाको काम अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. १७ :

मिति २०७८।०३।०५ गतेको सुन्दरबजार नगरपालिकाको कार्यपालिकाको १०० औं बैठकको निर्णय नं ४ अनुसार सु.न.पा ८ भोटेवडारमा रहेको भेडिखर्के साईला दिर्घराज अधिकारी युक्त गुरुङ पार्क एवम कालु कार्कि स्मारक पार्कको पछाडिको पर्खाल बाढीको कारण क्षति भई पहिलाकै स्वरुपमा पिल्लर सहित पुन निर्माण गर्न लाग्ने प्राविधिक स्टमेज बमोजिमको रकम रु १,८७,००० ।(अक्षरुपी एक लाख सतासि हजार मात्र) अन्य पूर्वाधार शिर्षकबाट विनियोजन गर्ने निर्णय भएको तर काम सम्पन्न पश्चात उक्त रकम भुक्तानी नभएको हुँदा अन्य पूर्वाधार शिर्षकबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १८ :

सु.न.पा ८ स्थित जिमित्रे खोलामा बाढीको कारण पुलमा क्षति पुऱ्याएको कारण तटबन्धन गर्दा लागेको खर्च बापतको रकम रु २२,०००।(अक्षरुपी बाइस हजार मात्र) विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १९ :

सशस्त्र प्रहरी बल,नेपाल आश्रीत गुल्म लमजुङको प.सं ०७८।७९ च.नं १४४ मिति २०७८।०८।२४ गतेको पत्रअनुसार सो कार्यालयको भवन मर्मत तथा रङ रोगनका लागि सहयोग माग भई आएकोमा सो कार्यालयलाई आर्थिक सहायता शिर्षकबाट रु ३०,०००।(अक्षरुपी तिस हजार मात्र)प्रदान गर्ने निर्णय गरियो ।

२०७८।०९।१४